आज मिति २०७६/०६/ ३०  गते बुधबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको संयोजकत्वमा बसेको  कार्यपालिकाको  बैठकले तपशिल बमोजिमको  उपस्थितिमा विभिन्न प्रस्ताव उपर  छलफल गरि देहायनुसार निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेसेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | |
| १४ | श्री छिरिङ आङ्ग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री सूर्य  प्रसाद तिमिल्सिना | | |
| १६ | श्री बलेन्द्र रामहरिजन | | |
| १७ | | | |

**प्रस्ताव नम्बर १ : उपभोक्ता समिति गठन सम्वन्धमा ।**

**प्रस्ताव नम्बर २ : म्याद थप  सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ :आयोजना छनौट  सम्वन्धमा ।**

प्रस्ताब नं. ४ : दर रेट सम्बन्धमा ।

प्रस्ताब नं. ५ :करार सेवामा इन्जिनियर नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. ६ : झोलुङ्गे पुल निर्माण सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताब नं. ७ : सेवा प्रदायक संस्था छनौट सम्बन्धमा ।

प्रस्ताव न ८ जिल्ला प्रकोप व्यवस्थापन समितिबाट प्राप्त विलको रकम भुक्तानी सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नम्बर १ : प्रस्ताव नम्वर १ माथि छलफल गर्दा कार्तिक मसान्त सम्ममा सवै आयोजनाको उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो । एक गाउँमा परेका ५ लाख भन्दा कम लागत भएका योजनाहरु संयुक्त रुपमा सम्पादन गर्नको लागि एउटै उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर २ : प्रस्ताब नम्वर २ माथि छलफल गर्दा निम्न लिखित आयोजनाको म्याद २०७७ असार मसान्त सम्मलाई थप गर्ने निर्णय गरियो ।

-गाउँपालिकाको गुरुयोजना निर्माण सम्वन्धमा रु. १०००००/-(अक्षरुपी दश लाख मात्र)

-ढनागता सिंढी तथा पोल सार्ने २०००००/-(अक्षरुपी रु दुई लाख मात्र)

-

निर्णय नम्बर ३ : प्रस्ताब नम्वर ३ माथि छलफल गर्दा तपशिल वमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो ।

क) खिंगा टेलिफोन टावर निर्माण-रु. ५ लाख
ख) खिंगा खानेपानी योजना थप- ४ लाख
ग) झारकोट आमा समूह भवन तथा सिंचाई कुलो निर्माण -रु. ५ लाख
घ) पाकलिङ सिंचाई कुलो मर्मत - २ लाख
ङ) पाकलिङ देखि ढाकरजुङ सम्म मोटरबाटो मर्मत -३ लाख
च) झारकोट खिंगा मोटरवाटो मर्मत-१ लाख

निर्णय नं. ४ : आ.व २०७६/७७ को लागि यसैसाथ संलग्न बमोजिम दर रेट निर्धारण गर्ने निर्णय गरियो । ढुवानीको लागि समरको लागि १० प्रतिशत र शाङ्ताको लागि अतिरिक्त ५० प्रतिशत ढुवानी निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताब नं. ५ माथि छलफल गर्दा गाउँपालिकामा प्राविधिक जनशक्तिको अभाव भई विभिन्न योजनाका काम गर्न कठिनाई भएको हुँदा योजनाको कन्टिनजेंसीबाट तलब सुविधा दिने गरि एक जना सिभिल इन्जिनियर नियुक्ति गर्ने निर्णय गरियो ।

Tenzing दिनाउने ... बिरबहादुर ...

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा  खिंगा फु झिलिङ झोलुङ्गे पुल निर्माण सुरुवात गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाको गुरुयोजना निर्माण गर्न सम्वन्धमा यस गाउँपालिकामा पेश भएको प्रस्ताव मध्ये नेपाल विकास अध्ययन संस्था कास्की पोखरालाई छनौट गरि काम अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय न. ८ प्रस्ताव नम्वर ८ माथी छलफल गर्दा जिल्ला दैवि प्रकोप उद्दार समितिवाट प्राप्त विल वमोजिमको सामान खरिद गरेको रकम भुक्तानी दिने निर्णय गरियो ।